**आज मिति २०७५ साल आश्वीन २७ गतेका दिन गेरुवा गाउँपालिका, स्थानीय शिक्षा समितिका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा समितिको प्रथम बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ।**

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री हिमा कुमारी धरुनी | - | न्यायिक, राजश्व परामर्श र अनुगमन समिति | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वातावरण तथा विपद् व्यवस्थापन समिति | ,, |
| श्री आलोक कुमार थारु | - | आर्थिक विकाश समिति | ,, |
| श्री पुनाराम थारु | - | सामाजिक सेवा तथा क्षमता विकाश समिति | ,, |
| श्री बल बहादुर चलाउने | - | सामाजिक विकाश समिति | ,, |
| श्री धर्म प्रकाश थारु | - | पूर्वाधार विकाश समिति | ,, |
| श्री टेक बहादुर चौधरी | - | विधेयक समिति | ,, |
| श्री | - | कार्यपालिका सदस्य | ,, |
| श्री | - | कार्यपालिका सदस्य | ,, |
| श्री | - | प्रधानाध्यापक, .....................विद्यालय | ,, |
| श्री | - | प्रधानाध्यापक, .....................विद्यालय | ,, |
| श्री | - | शिक्षक/महासंघ प्रतिनिधि | ,, |
| श्री | - | (स्थानीय शिक्षा प्रेमी बुद्धिजिवी) मनोनित | ,, |
| श्री | - | (दलित,अल्पसंख्यक,मुक्त कमैया/कमलरी,द्वन्द्वपिडित) | ,, |
| श्री | - | (वाल क्लव/छात्रा/छात्र प्रतिनिधी) | ,, |
| श्री | - | (निजी बिद्यालय प्रतिनिधी) | ,, |
| श्री भीम वहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | ,, |
| श्री अमृत पुन | - | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

आमन्त्रित पदेन सदस्य

१ श्री डिलवहादुर जि.सी. -श्रोत व्यक्ति

२ श्री -सिभिल ईन्जिनियर

**प्रस्तावहरु**

१ **स्थानीय शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा**

२ **उच्चस्तरीय निरीक्षण टोलीको प्रतिवेदन तयार पारी पेश गर्ने र कार्यक्रम कार्यान्वयन कार्यविधि वनाई पेश गर्न समिति गठन गर्ने सम्वन्धमा**

३ **विविध**

**(क) आगामी वैठक बस्ने सम्वन्धमा**

## निर्णयहरु :-

१ **स्थानीय शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकाको ३४ सौ बोर्ड बैठकबाट गठीत स्थानीय शिक्षा समितिको सदस्यमा देहाय वमोजिमका सदस्यहरु मनोनयन गरी समितिलाई पूर्णता दिने कार्य शुरु गर्ने निर्णय गरियो।

Scanned by CamScanner

तपशिल

श्री मोविला पौडेल - कार्यपालिका सदस्य "

श्री लक्षिण बहादुर नेपाली - कार्यपालिका सदस्य "

श्री नारायण पौडेल - शिक्षक महासंघ अध्यक्ष "

**प्र अ को बैठकबाट नामावली प्रस्ताव भए पछि अर्को बैठकमा मनोनित गरिने**

श्री - प्रधानाध्यापक, .....................विद्यालय "

श्री - प्रधानाध्यापक, .....................विद्यालय "

**आवश्यकता र औचित्यको आधारमा अर्को बैठकबाट मनोनयन गरिने**

श्री - (स्थानीय शिक्षा प्रेमी बुद्धिजिवी) मनोनित "

श्री - (दलित,अल्पसंख्यक,मुक्त कमैया/कमलरी,द्वन्द्वपिडित) मनोनित "

**बाल सञ्जालबाट नामावली प्रस्ताव भएपछि अर्को बैठकमा मनोनयन गरिने**

श्री - वाल क्लव/छात्रा/छात्र प्रतिनिधी "

**निजी बिद्यालय संघबाट नामावली प्राप्त भए पछि अर्को बैठकमा मनोनयन गरिने**

श्री - निजी विद्यालय प्रतिनिधी "

**२ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि वनाई कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा**

**प्रस्ताव नं.३ माथी छलफल गर्दा** निरीक्षण प्रतिवेदन तयार पारी सुझाव सहित पेश गर्न र गेरुवा गाउँपालिकाबाट शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि छुटयाईएको वजेटलाई विनियोजन गरी कार्यान्वयन गर्नका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि प्रस्ताव तयार पारी समितिको दोश्रो बैठकमा पेश गर्ने गरी देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो:-

तपशिल :-

**(क) समिति**

| | | |
|---|---|---|
| १ | **शिक्षा संयोजक** | **संयोजक** |
| २ | **श्रोत व्यक्ति** | **सदस्य** |
| ३ | **शिक्षक/महासंघ प्रतिनिधी** | " |

**(ख) कार्य विवरण :-**

**१ स्थलगत अध्ययन विवरण वमोजिम प्रतिवेदन तयार गरी सो बाट औल्याईएका समस्याहरुको बिश्लेषण र सूचक सहितको प्राथमिकरण/पहिचान एकीन गर्ने**

**२ बालशिक्षा/शिशुस्याहार र प्राथमिक शिक्षा तर्फको एकिकृत गरी-एउटा योजना, आधारभूत तहको एउटा योजना, माद्यामिक तहको एउटा योजना र प्राविधिक शिक्षाको छुट्टै योजना स्पष्ट हुने गरी बार्षिक खरिद योजना तयार पारी पेश गर्ने ।**

**३ प्राथमिकता सूचक अंक कायम गरी सो को आधारमा रकम विभाजन प्रकृया र नर्म्स तयार पारी पेश गर्ने ।**

**४ गेरुवा गाउँपालिकाबाट स्वीकृत शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि विनियोजीत रकमको नर्म्स तयार पारी सो अनुसार कार्यक्रम कार्यान्वयन कार्यविधि तयार पारी पेश गर्ने ।**

**३ विविध**

**(क) समितिको आगामी बैठक वस्ने सम्वन्धमा**

**निर्णय नं. ३(क)** माथी छलफल गर्दा स्थानीय शिक्षा समितिको दोश्रो बैठक मिति २०७५ साल आश्वीन २८ गतेका दिन विहान ०८.०० वजे वस्ने निर्णय गरियो ।

Scanned by CamScanner